Vol. 4 | Issue 1, 2025
DOI : https://doi.org/10.3126/tmj.v4i1.87444

# सामाजिक र संज्ञानात्मक विकासमा बहुभाषिकताको सान्दर्भिकता

**नगेन्द्र प्रसाद आचार्य**
ग्राजुएट स्कुल अफ एजुकेसन, नेपाली शिक्षा शिक्षार्थी,
त्रि.वि., कीर्तिपुर
*email: acharyanagendra@gmail.com*

Received : May 6, 2025 Revised : July 8, 2025 Accepted : September 15, 2025

**लेखसार**

*नेपाल जस्तो भाषिक विविधता भएको मुलुकमा बहुभाषिकताको सामाजिक तथा संज्ञानात्मक सान्दर्भिकता रहेको हुन्छ। बहुभाषिक समाजमा एकल भाषानीतिका कारणले विद्यालय तहमा अध्ययन गर्ने बालबालिकामा भाषिक समस्याका पैदा गरेको हुन्छ । त्यसैले बहुभाषिकताको सामाजिक सान्दर्भिकता र कक्षाकोठामा बहुभाषिक विद्यार्थीको संज्ञानात्मक विकास बारे व्याख्या गर्ने उद्देश्यका साथ लेख तयार पारिएको छ। लेखमा गुणात्मक अध्ययन ढाँचा अपनाई असंरचित अन्तर्वार्तामार्फत् शिक्षक, प्रशासक, समाजिक व्यक्तित्वबाट तथ्य सङ्कलन गरी बहुभाषिकताको विधि सिद्धान्तका आधारबाट विश्लेषण गरिएको छ। भाषिक सामाजिकताले बालबालिकाको शैक्षिक क्षमता सुधार गर्दै पठन सहजीकरणमा सहयोग पुग्छ। मातृभाषा बोधगम्य हुने भएकाले विद्यार्थीको तार्किक क्षमता वृद्धि भई सिकाइ उपलब्धि र भाषिक अपहेलना नभएको महसुस गरी पठनपाठनबाट लक्ष्य प्राप्त गर्न सकिन्छ। मातृभाषाका माध्यमबाट भाषिक रूपान्तरण गरी शाब्दिक बोध गर्न र समस्याको समाधान गर्न सक्ने क्षमताको विकास बहुभाषिकताले गर्ने भएकाले सामाजिक सहसम्बन्ध स्थापित गर्दै विद्यार्थीको संज्ञानात्मक विकासमा सहयोग पुग्छ । भाषा, संस्कृति, सभ्यताको पहिचान, सद्भाव र एकता कायम गरी बहुभाषिक अपनत्वबाट अवसर र सम्मान बोध गर्दै समावेशी वातावरणको विकासले विश्वास र सहभागीताको वातावरण सिर्जना गर्दछ।*

**शब्दकुञ्जी** : *कक्षाकोठा, बहुभाषिकता, बोधगाम्य, मातृभाषा, संज्ञानात्मकता*

## विषय परिचय

नेपाल बहुभाषिक, बहुधार्मिक, बहुजातीय र बहुसांस्कृतिक देश हो । यहाँका विभिन्न संस्कार तथा समाजमा बहुभाषिकता पाइन्छ। "दुई वा दुईभन्दा बढी भाषाहरूको प्रयोग स्थिति बहुभाषिकता हो। कुनै पनि समुदाय, समाज तथा विद्यालयमा दुई वा सो भन्दा बढी भाषा प्रयोग व्यवहार गरिन्छन् भने त्यसलाई बहुभाषिकता भनिन्छ" (शाही, सन् २०२४, पृ. ८७)। यसकारण नेपालको बहुभाषिकताको अवस्था भनेको नै जातिगत व्यवस्था हो। यहाँ जातका आधारमा आफ्नो भाषा र संस्कृतिको विकास भएको पाइन्छ।

नेपालको संविधान (२०७२) को प्रस्तावानामा "बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मासात् गरी विविधता बिचको एकता" (पृ. १) मा उल्लेख गरिएको हुँदा नेपालको संविधानले समेत बहुभाषिक नीति समेटेको पाइन्छ । त्यसैले नेपाल बहुभाषिक देश हो । अर्कोतर्फ नेपालको जनगणना (२०७८) अनुसार नेपालमा १२४ वटा भाषा बोलिन्छन् । यी सबै भाषालाई नेपालको संविधान (२०७२) ले धारा (६) राष्ट्रभाषासम्बन्धी व्यवस्था गरेको छ। जसमा "नेपालमा बोलिने सबै मातृभाषा राष्ट्रभाषा हुन् (पृ. ३)। भनेकाले नेपालमा बोलिने सबै भाषालाई समानता कायम गरेको देन्खिछ । त्यसैले नेपाली समाजमा बोलिने मातृभाषालाई समान हैसियत कायम भएको पाइन्छ। तसर्थ भाषिक, सांस्कृतिक तथा धार्मिक विविधता नेपालको वास्तविकताको दर्पण हो। नेपाल बहुभाषिक समाज भएकाले शैक्षिक संस्थाहरू पनि बहुभाषिक भएको भेटिन्छन्। भाषिक अवस्था र व्यवस्थाका बारेमा बहुभाषिकतासम्बन्धी "विद्यार्थीहरूको भाषिक पृष्ठमूमिलाई दृष्टिगत गर्दा हाम्रा प्राथमिक विद्यालयमा प्रायः तीन प्रकारका कक्षाहरू पाइन्छन्। एकभाषी, द्विभाषी र बहुभाषी" (शर्मा, २०५९, पृ. २४)। सामुदायिक विद्यालयका विद्यार्थीहरूको भाषिक अवस्था एकभाषी, द्विभाषी र बहुभाषी रहेको देखिन्छ। यिनीहरूको संज्ञानात्मक स्थितिलाई बोध गर्न नितान्त आवश्यक रहेको छ । एक भाषी समुदायमा एउटा मात्रै मातृभाषाका बालबालिका हुन्छन् भने बहुभाषी समुदायमा दुईभन्दा बढी भाषी रहेको पाइन्छ । बहुभाषी शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका (२०६६) अनुसार बहुभाषी विद्यालय भन्नाले विद्यालय सेवा क्षेत्रभित्र दुईभन्दा बढी भाषिक समुदायका बालबालिका रहेको र विद्यालयमा दुईभन्दा बढी भाषा प्रयोग हुने अवस्थाका विद्यालयलाई जनाउँछ (परिच्छेद १, पृ. २)। बहुभाषी समाज भएका देशको विद्यालयहरूमा अध्ययन गर्ने विद्यार्थी पनि बहुभाषी रहेको पाइन्छ। त्यसैले यस लेखमा बहुभाषिकताको सामाजिक सान्दर्भिकता र कक्षाकोठामा बहुभाषिक विद्यार्थीको संज्ञानात्मक विकास बारे अध्ययन गर्नु यस अनुसन्धनात्मक लेखको उद्देश्य रहेको छ।

## बहुभाषिकाको सैद्धान्तिक स्वरूप

बहुभाषिकता तथा द्विभाषिक सम्बन्धमा विभिन्न व्यक्तित्वहरूले परिभाषित गरेको पाइन्छ। यसका बारेमा रोनाल्ड कार्टर (सन् १९९३) ले बोलाइ, पढाइ र लेखाइ जस्ता आधारभूत सिपहरूमा दुई भाषामा दक्ष व्यक्तिलाई द्विभाषिक भनेका छन् (भण्डारी, २०७२, पृ. ६७)। त्यसैले कुनै एक व्यक्तिले दुई वा दुइभन्दा बढी भाषाका भाषिक सिप सिकेको र जानेको अवस्थालाई बहुभाषिक भएको मान्न सकिन्छ। बहुभाषिकतालाई थप प्रस्ट पार्दै बाल्टर (सन् २०१२) ले कुनै पनि समाजको शिक्षा र भाषायोजनामा बहुभाषिक समाजको विश्वास, दृष्टिकोण, डिस्कोर्स, विशेष गरी स्थापित हुन्छन् (अधिकारी, २०२३, पृ. १५४)। द्विभाषिकता र बहुभाषिकताका सम्बन्धमा "दुई वा दुईभन्दा बढी भाषाहरू बोल्ने बालकहरू एउटै कक्षामा भएको स्थितिलाई द्विभाषिक/बहुभाषिक कक्षा भनिन्छ। नेपाल एक बहुजाति, बहुभाषिक मुलुक भएकाले विद्यालयका कक्षाहरूमा पनि विभिन्न मातृभाषी शिक्षार्थीहरूको उपस्थित रहन्छ" (भण्डारी र अन्य, २०६८, पृ. २३)। द्विभाषिकताले दुई भाषा प्रयोगको अवस्थालाई बुझाउँछ भने बहुभाषिकताले दुईभन्दा बढी भाषामा सञ्चारको आदान–प्रदानको अवस्थालाई जनाउँछ यसरी हेर्दा बहुभाषिकताले द्विभाषिकतालाई समेटको हुन्छ। एक जना विद्यार्थीले दुई वा दुईभन्दा बढी भाषाको प्रयोग गर्छ भने त्यो स्थितिलाई द्विभाषिक र बहुभाषिक स्थिति भनिन्छ।

समाजमा बसोबास गर्ने हरेक समुदायको आफ्नो भाषा हुन्छ । संस्कार र संस्कृति रहेको हुन्छ । यही संस्कार र संस्कृतिले विभिन्न भाषिक समुदायको जन्म भएको पाइन्छ। त्यसैले नेपालका विद्यालयहरूमा बहुभाषी विद्यार्थी रहेका छन्।

युनेस्को (सन् २००७) का अनुसार "जब मुख्य भाषा मात्र कक्षाकोठामा प्रयोग गरिन्छ र पाठले मुख्य समाजलाई मात्र जोड दिन्छन् तब अल्पसङ्ख्यक बालबालिकाले आफ्नो भाषा बिर्सन्छन्। संस्कृति समुदायको ज्ञान, माया, र आदर गुमाउन सक्छन् । आफूले नजानेको भाषाको प्रयोग गर्ने, विद्यालय जानु पर्ने अल्पसङ्ख्यक भाषिक

समुदायका बालबालिकालाई शैक्षिक, सामाजिक र अरू विभिन्न समस्याहरू कक्षा दोहोऱ्याउने, विद्यालय छोड्नेहुन्छ किनभने आफूले नबुझ्ने नयाँ भाषामा सिक्न सक्दैनन् (पृ. ४–५)।

कक्षाकोठामा :विद्यार्थीले बहुभाषाषिक माध्यमबाट अध्ययन गर्ने अवसर दिन युनेस्कोले आग्रह गरेको पाइन्छ। भाषाका कारणले विद्यालय छोड्ने अवस्था आउन दिनुहुदैन। त्यसका लागि बहुभाषिक शिक्षालाई महत्त्व दिनुपर्छ। बहुभाषिक शिक्षाका सम्बन्धमा नेपालमा बोलिने चारै भाषा परिवारका भाषाहरूका साथै विभिन्न भौगोलिक क्षेत्रमा बोलिने भाषाहरूको विद्यालयमा उपस्थिति रहन्छ। तसर्थ नेपालमा बहुभाषी शिक्षाको आवश्यकता रहेको पाइन्छ। बहुभाषी शिक्षालाई बाध्यताका रूपमा नभई अवसरको रूपमा अवलम्बन गर्न सकेमा नेपाली बाहेकका अन्य मातृभाषी विद्यार्थीको शैक्षिक उपलब्धि हुने देखिन्छ। नेपालमा भाषाका कारण धेरै मातृभाषी विद्यार्थीले विद्यालय छोड्नु परेको छ। यसका लागि लोपोन्मुख भाषाको संरक्षण गर्न बहुभाषी शिक्षाले टेवा पुऱ्याएको पाइन्छ।

बालमैत्री वातावरणको सिर्जना गर्न तथा मातृभाषामा सिक्न पाउने बालअधिकार सुनिश्चित गर्न मातृभाषालाई सिकाइको माध्यमका रूपमा प्रयोग गरिने प्रचलन छ। नेपालको शिक्षामा सुधार तथा कार्यान्वयन गर्न बालबालिकालाई मातृभाषामा शिक्षा प्रदान गर्नुपर्ने धारणा यस क्षेत्रका विज्ञहरूले पनि व्यक्त गरेको पाइन्छ। युनेस्कोले "सबै तहमा बहुभाषी शिक्षालाई सामाजिक तथा लैङ्गिक समानता बढाउने माध्यम र भाषिक विविधताका रूपमा राष्ट्रभाषाभन्दा फरक भाषामासञ्चार अभिव्यक्ति र सुनाइ तथा कुराकानी गर्ने क्षमतालाई गर्नुपर्छ" (युनेस्को, २००७, पृ. १५)। त्यसैले बालअधिकार सुनिश्चित गर्ने आधार नै बहुभाषिक शिक्षा भएकाले बालबालिकाको संवेगात्मक अवस्थालाई समेटन मातृभाषामा शिक्षा प्रदान गर्न सके मात्र शैक्षिक गुणस्तरको वृद्धि हुने देखिन्छ। नेपालको अन्तरिम संविधान (२०६३) अनुसार नेपालमा बोलिने सबै मातृभाषालाई राष्ट्र भाषाको व्यवस्था गरेकाले संवैधानिक मान्यता प्रदान गरेदेखि बहुभाषिक शिक्षामा समेत फड्को मारेको देखिन्छ।

बाल मानसिकतामा बहुभाषिकताले प्रत्यक्ष प्रभाव पारको हुन्छ। खत्री (सन् २०२०) ले आफ्नो अनुसन्धान लेखमा बहुभाषिकतासम्बन्धी "विद्यालयको शिक्षणमा एकभन्दा धेरै मातृभाषाहरूको प्रयोग हुन सक्दछ। यसर्थ विभिन्न मातृभाषामा दिइने शिक्षालाई नै समग्रमा बहुभाषिक शिक्षा भनिन्छ" (पृ. ११९) भन्ने धारणा व्यक्त गरेका छन्। बहुभाषिकताको व्यवस्थापन गरी सिकाइ सहजीकरणमार्फत मातृभाषिक शैक्षिक वातावरण निर्माण गरेको पाइन्छ। त्यस्तै अधिकारी (२०७४) को अनुसन्धानमा नेपालको भाषिक नीति, नेपालको संवैधानिक अभ्यासहरू, नेपालको संविधान (२०७२) को मौलिक हकअन्तर्गत स्वतन्त्रताको हक, समानताको हक, शिक्षासम्बन्धी हक, भाषा आयोग, राज्यका नीतिमा भाषाको सन्दर्भले बहुभाषिकतालाई दर्साएका छन्। प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ (कक्षा १–३) र २०६५ (कक्षा ४–५), प्राथमिक तह आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६–८) २०६९, माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९–१०) २०७१, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ ले बहुभाषिकता कार्यन्वयन गरेको जनाएका छन्। यसै गरी बोहोरा (सन् २०२२) ले "कक्षाभित्र वा बाहिर बहुभाषिकताको मूल्याङ्कन गर्दै भाषिक सिपसँग सम्बन्धित रहेर बहुभाषिक कक्षामा परीक्षण तथा मूल्याङ्कन सम्पन्न गर्नका लागि लिखित, मौखिक, अवलोकन तथा प्रयोगात्मक आदि युक्तिहरूको प्रयोग गर्नुलाई जोड दिएका छन्" (पृ. ४६ र ५२)। उनीहरूको सिकाइ, भाषिक अभिव्यक्ति, भाषिक कठिनाइ, सिर्जनात्मक मौलिकता आदिलाई ख्याल गरी शिक्षण गर्न सक्नुपर्छ। त्यसैले नेपालमा बहुभाषिकता नै सामाजिक एकता र मातृभाषी अधिकार बालबालिकाको अधिकार हो। मातृभाषाको शिक्षा पाउनु भनेको बहुभाषी शिक्षा हो। भाषा र समाजले एक अर्काको सम्बन्ध कायम गरेको हुन्छ। बालबालिकाको मातृभाषामा शिक्षा दिन सकेमा संज्ञानात्मक विकास भई शिक्षामा गुणस्तर वृद्धि हुने मान्यता राखिएको पाइन्छ। उक्त दृष्टिकोणहरूबाट नेपालमा बहुभाषिक बालबालिकाको संज्ञानात्मक दृष्टिकोण र विज्ञहरूको धारणालाई मनन गर्दा उनीहरूको मातृभाषामा शिक्षाको व्यवस्था गर्न सकेमा बहुभाषिक सामाजिकता कायम गर्न सकिन्छ। यसकारण बहुभाषिकता, सामाजिकता र विद्यार्थीको संज्ञानात्मक विकासका बारेमा सान्दर्भिकतासम्बन्धी अनुसन्धान गर्न आवश्यक ठहरिन्छ। तसर्थ बहुभाषिकताको सामाजिक महत्त्वमा सान्दर्भिकता

दृष्टिकोण अनि कक्षाको बहुभाषिक उपस्थितिले विद्यार्थीको संज्ञानात्मक विकासमा पार्नसक्ने प्रभाव अध्ययन गर्ने उद्देश्यमा प्रस्तुत लेख केन्द्रित रहेको छ।

## अध्ययन विधि तथा प्रक्रिया

प्रस्तुत लेख गुणात्मक अनुसन्धान ढाँचामा आधारित छ । बहुभाषासम्बन्धी विशेषज्ञता हासिल गरेका विज्ञद्वारा बहुभाषिकता सामाजिक महत्त्व र विद्यार्थीको संज्ञानात्मक अनुभवसँग आधारित रहेको छ। यसका लागि शिक्षक, प्रशासक, समाजिक व्यक्तित्वलाई सान्दर्भिकतारूपमा छनोट गरिएको छ । छनोट गरिएका विज्ञ पाँच जनालाई असंरचित अन्तर्वार्ता लिएको छ। अन्तर्वातामा सहभागीहरूलाई सहभागी उत्तरदाता एक, दुई, तीन, चार र पाँचका रूपमा नामाकरण गरिएको छ। असंरचित अन्तर्वाताबाट सहभागीसँग कुराकानी गरी मौखिक र मौलिक जवाफको टिपोर्टबाट तथ्य सङ्कलन गरिएको छ। उनीहरूबाट प्राप्त गरेको जानकारीलाई अन्तर्वार्ता रूपान्तरणबाट तथ्याङ्क सङ्कलन र विश्लेषण गरिएको छ। त्यसैले यस अनुसन्धानमा विषयवस्तुलाई प्रस्ट पार्न टान्सक्रइबिङ गरिएको हुनाले आवश्यक विषयवस्तुलाई सान्दर्भिकताअनुसार एक रूपता दिन कोड निर्माण गरिएका छन्। ती कोडलाई समूह र वर्गीकरण गर्दै स्तरण गर्न  थिमेटिक (विषय क्षेत्रमा आधारित) विधि अपनाई चारओटा थिमको निर्माण गरी विश्लेषण गरिएको छ।

## परिणाम तथा छलफल

प्रस्तुत लेख बहुभाषिकताको सामाजिक महत्त्व र विद्यार्थीको संज्ञानात्मक विकासबारे सान्दर्भिकता दृष्टिकोणमा आधारित रही विश्लेषणमा गरिएको छ । यस अध्ययनमा कालीकोट जिल्लाका रास्कोट नगरपालिका र शुभकालिका गाउँपालिका दुईओटा पालिकामा अध्यापनरत शिक्षक, प्रशासक तथा सामाजिक व्यक्तित्वसँगको अन्तर्वार्ताबाट प्राप्त तथ्याङ्कलाई भाषिक सामाजीकरण, शैक्षिक उपलब्धिमा जोड, बहुभाषिकताको भूमिकामा जोड र प्रयोग, संज्ञानात्मक विकास गरी चारओटा थिममा व्याख्या तथा विश्लेषण गरिएको छ।

### ***सामाजिकीकरणमा बहुभाषिकता***

भाषा सामाजिक तत्त्व भएकाले समाजमा भाषिक सामाजिकीकरण हुन्छ । खास समाजमा विविध भाषाका वक्ताहरू बसोबास गर्दछन्। भाषाको कथ्य अभिव्यक्तिको प्रयोग अत्याधिक हुने गर्दछ। हरेक समुदायमा कथ्य वक्ताको सङ्ख्या धेरै हुने भएकाले मानक भाषाभन्दा स्थानीय भाषाको माध्यमबाट अभिव्यक्त गरिन्छ। भाषालाई सन्दर्भ अनुसारको भाषिक अभिव्यक्ति मानिन्छ । यसका बारेमा भुसाल (२०७८) का अनुसार सङ्कथन साञ्चारिक घटनाको वर्णन वा निश्चित उद्देश्यमा आधारित भाषिक क्रियाकलाप हो। यसमा सम्प्रेषणीय विषय वा घटनालाई यथासम्भव रेखीय स्वरूपमा प्रस्तुत गरिएको हुन्छ । त्यसैले भाषिक पक्षलाई कथ्य र लेख्य अभिव्यक्तिका माध्यमबाट व्यक्त गरिएको पाइन्छ। भाषिक प्रयोगका हिसाबले समाजमा कथ्य वक्ताभन्दा लेख्य वक्ता थोरै रहेका हुन्छन्। त्यसकारण विद्यालयमा अध्ययनरत विद्यार्थीले पनि लेख्यभन्दा कथ्य भाषाबाट विचार विनिमय गरेको पाइन्छ। एउटै समुदायमा दुईभन्दा बढी भाषिक वक्ता रहेका भेटिन्छन्। बालबालिका एक आपसमा कुराकानी गर्दा आफ्नो मातृभाषाको प्रयोग गरेका हुन्छन्। यही प्रयोगको अवस्थालाई भाषिक सामाजिकीकरणले प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । कक्षाकोठामा समेत भाषिक समस्याले पठनपाठनमा समस्या रहेको हुन्छ । यो समस्या समाधान गर्न बहुभाषिकता कक्षाकोठाको व्यवस्थापनले सहज गरेको पाइन्छ।

बहुभाषिक समुदायमा भाषिक सामाजिकता कायम रहेको धारणा विज्ञहरूले राखेको पाइन्छ। यस विषयमा पहिलो सहभागी उत्तरदाता भन्दछन् : सामजमा जाति भाषा, राष्ट्रभाषा, मातृभाषा, स्थानीय भाषा रहेका छन्। समाजमा धर्म संस्कृति, समाजको बनावट पनि त्यहीँ आधारमा भएको हुन्छ।" यसकारण समुदायमा बन्धुत्वको भावना कायम राख्ने भनेको नै भाषा हो।

भाषिक पठनका सम्बन्धमा भट्टराई (२०८१) भन्दछन् : प्रचलित भाषिक सिप शिक्षण प्रक्रियाले समग्र तह र कक्षाका लागि समान विधि र तरिकालाई निर्देश गरेको देखिन्छ। पठनतत्त्वगत अवधारणाले आधारभूत तह (कक्षा १–३) का विद्यार्थीहरूमा पठनबोध, पठनप्रवाह तथा पठन सिपका माध्यमबाट शैक्षिक क्षेत्रको जग निर्माण गरी माथिल्लो शैक्षिक स्थितिलाई सुदृढ तुल्याउन सक्ने देखिन्छ। यसर्थ तल्लो तहका लागि यो पठनतत्त्वगत प्रक्रिया बढी वैज्ञानिक, व्यावहारिक र समयानुकूल देखिएको हो (पृ. १९)।

माथिको भनाइबाट के पुष्टि हुन्छ भने भाषिक सामाजिकताले बालबालिकाको भाषिक सिपमा समेत विभिन्न विधि, तरिकाका माध्यमबाट कक्षाकोठाको सिकाइ वातावरणमा सहजता कायम गरेको पाइन्छ। पठन बोधमा सहजीकरण हुने गर्दछ। माथिल्लो शैक्षिक क्षमतामा सुधार गर्न भाषिक सिपले प्रेरित गर्छ। त्यसैले मातृभाषाको माध्यमबाट बहुभाषिक सिकाइमा जोड दिनु आवश्यक छ।

बहुभाषिक सममुदायमा भाषिक पहिचानले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने कुरा विज्ञहरूले राखेका छन्। यसका बारेमा सहभागी एकले भाषिक पहिचानलाई यसरी उल्लेख गरेका छन् :

> *सामजमा जाति भाषा, मातृभाषा, स्थानीय भाषाहरूलाई राष्ट्रभाषाको दर्जामा राखिनुपर्छ। समाजमा धर्म, संस्कृति, परम्परा र भाषाका आधारबाट स्थापित भई समाजको बनावट भएको छ। समाज निर्माणका आधारहरू पनि यी हुन्। राई, लिम्बु, थारू, मगर, शेर्पा, थकाली, नेवार आदि जातिले आफ्नो भाषा संरक्षण गरिरहेका छन्।*

तसर्थ भाषा सामाजिक वस्तु हो। समाजमा बसोबास गर्ने व्यक्तिले आफ्नो भाषिक पहिचान राखेका हुन्छन्। त्यसैले नेपाल बहुभाषी देश भएकाले बहुजातिहरूको भाषा पनि अलग अलग रहेको पाइन्छ। नेपालको संविधान (२०७२) ले धारा (३२) को उपधारा (१) मा "प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुनेछ।" भनेकाले भाषा पहिचान र प्रयोगमा सहजता भएको पाइन्छ। त्यस्तै सोही धाराको उपधारा (३) मा "नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको सम्वर्द्धन र संरक्षण गर्ने हक हुनेछ।" भनिएकाले पनि नेपाली जनसमुदायका भाषाहरूको पहिचान गरी नेपालको भाषा आयोगले विविध कार्यक्रम सञ्चालन गर्दै आएको पाइन्छ। संविधानको धारा (३१) मा शिक्षासम्बन्धी हकको व्यवस्था गरिएको छ। यस हकको कार्यान्वयनका लागि उपधारा (३) मा "नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउन र त्यसका लागि शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्न हक हुनेछ।" यही हकको आधारमा रही नेपालमा बोलिने सबै मातृभाषालाई राज्यले राष्ट्रभाषाको मान्यता दिएकाले सबै नेपाली नागरिकलाई सामाजिकताका लागि न्यायोचित व्यवस्था कायम गरिएको भेटिन्छ। यसर्थ भाषा समाजअनुसार फरक रहेको पाइन्छ। हरेक समुदायमा  समाज सुहाउँदो भाषाको प्रयोग गरी फरक फरक भाषाको विकासमा सहयोग पुऱ्याउन भाषिक सामाजिकीकरण हो। त्यसैले बुहुभाषिक समाजमा भाषाको अति महत्त्वपूर्ण भूमिका रहेको हुन्छ।

### *शैक्षिक उपलब्धिमा जोड*

नेपालको शिक्षानीतिले अवलम्बन गरेको बहुभाषिकताले विद्यार्थीको शैक्षिक उपलब्धिमा जोड पुगेको ठानिन्छ। नेपालको बहुसङ्ख्यक विद्यालयमा बहुभाषी विद्यार्थीहरू रहेका छन्। बहुभाषिकताका सम्बन्धमा सहभागी एकको धारणाअनुसार "बहुभाषा, बहुजाति, बहुसंस्कृति भएको देश नपाल हो। जातअनुसारका भाषा रहेका छन्। दुई वा दुईभन्दा बढी भाषाको प्रयोग नै बहुभाषिकता हो।" यसैले नेपालमा बहुभाषा नीति अवलम्बन गरिएको छ। नेपालमा शिक्षाको माध्यम भाषा नेपाली रहको छ। त्यसैले विद्यालय तहमा नेपाली भाषा दोस्रो भाषाका रूपमा प्रयोग गर्नेको सङ्ख्या पनि उत्तिकै रहेको पाइन्छ। विद्यार्थीहरूको भाषिक समुदाय फरक रहेको हुनाले बोध क्षमता कमजोर रहेको देखिन्छ। बहुभाषिक विद्यार्थीको सिकाइका सम्बन्धमा "भाषा र ज्ञान परिपूरक हुन्। बालबालिकाले आफ्नो

पहिलो भाषामा सिक्दै जाँदा ज्ञानको दायरा बिस्तारै फराकिलो हँदै गइरहन्छ। भाषा भाषा बिचका शब्द, अर्थ र प्रतीक बढेर बुद्धिमत्ता वृद्धि हुन्छ" (बियाली, सन् २००१, पृ. १८९)। त्यसैले कक्षाकोठामा बहुभाषिकताको प्रयोगले बालबालिकाको संज्ञानात्मक विकासमा समेत जोड दिने भएकाले विषयगत सिकाइमा परिवर्तन आउँछ। त्यस्तै विद्यार्थीको भाषिक सहजताले पढाइको स्तरमा परिवर्तन गरेको पाइन्छ। यसका बारेमा सहभागी तिनका अनुसार :

> *कुनै पनि समुदाय वा कक्षामा दुई वा सोभन्दा बढी भाषाका वक्ताहरू हुनु वा सोहीअनुसारका मातृभाषाका व्यक्तिहरू हुनु बहुभाषिकता हो। भाषासँगै उक्त भाषासँग सम्बन्धित संस्कृति लगायतका विविध पक्षहरू पनि जोडिएर रहने भएकाले समुदायमा व्यक्ति तथा विद्यार्थीहरूलाई विविध भाषासँग सम्बन्धित विभिन्न पक्षहरूलाई बुझ्न, सामाजिक सद्भाव कायम राख्न, एक अर्काप्रति सम्मान व्यक्त गर्न, ज्ञान र व्यवहारको दायरा फराकिलो बनाउन सहयोग पुग्दछ।*

माथिको सन्दर्भबाट के पुष्टि हुन्छ भने बहुभाषामार्फत् मातृभाषा बोधगम्य हुने भएकाले विद्यार्थीको तार्किक क्षमता वृद्धि हुने र पठनपाठनमा सहजता भई लक्ष्य प्राप्ति गर्न सकिन्छ। भाषिक सरलीकरण गरी बालबालिकाकै मातृभाषामा अनुवाद गर्दा आत्मसम्मान बोध हुने गर्दछ। भाषिक अपहेलना नभएको महसुस गरी शैक्षिक प्रगति गर्न सक्दछन्। कठिन, शब्द, वाक्य र अर्थ उनीहरूको भाषामा भन्न लगाउने, कार्य गर्न प्रेरित गर्ने, समूह कार्यमा जोड दिने गर्दा भाषाका कारण कठिनाइ भएका बालबालिकालाई सहजता हुन्छ र सिकाइमा वृद्धि भई शैक्षिक सुधारमा समेत उपलब्धि भई शिक्षाको गुणस्तरमा सुधार हुन्छ।

बहुभाषिकताले फरक भाषा सिकाइमा जोड दिई शैक्षिक उपलब्धि वृद्धि गर्न मदत गरेको हुन्छ। बहुभाषाको उपयोगले विद्यार्थीहरूको शैक्षिक उपलब्धिका सम्बन्धमा सहभागी पाँचको धारणा "कक्षाकोठामा पारस्पारिक सम्बन्ध, एक भाषाले अर्को भाषामा सिकाइ सहज, आफूलाई सहज भएको भाषामा बोध गरी विद्यार्थीले आवश्यक ज्ञानको अभिव्यक्तिमा सहयोग पुग्छ। भाषिक अन्तरक्रियात्मक सहसम्बन्ध स्थापित भई शैक्षिक वातावरण निर्माण गर्न मदत गरेको पाइन्छ।" तसर्थ बहुभाषिक कक्षाकोठामा सिकाइ सहजीकरण गर्दा बहुभाषिक नीतिको प्रयोग गर्न जोड दिनु आवश्यक ठहरिन्छ। बालबालिकाको मनोभावनाअनुसार भाषाको उचित तरिका र विधि अपनाई विद्यार्थीको सिकाइलाई विस्तार गर्न सकिन्छ। यसरी गरिएको कार्यबाट सहजीकरण सरल तथा प्रभावकारी हुने धारणा विज्ञहरूको रहेको पाइन्छ।

### *भाषिक संज्ञानात्मक क्षमताको विकास*

भाषिक रूपले विद्यार्थीको संज्ञानात्मक क्षमताको विकासमा टेवा पुऱ्याउँछ। यसका लागि बहुभाषिक ज्ञान हुन जरुरी रहेको हुन्छ। नेपालमा नेपालीइतर मातृभाषी समुदायको बसोबास रहेको पाइन्छ। नेपाली भाषामा विद्यालय तहको पठनपाठन हुने भएकाले बालबालिकाको भाषिक पृष्ठभूमि फरक फरक रहेको हुन्छ। भाषाले नै सिकाइमा असर गरेको तथ्य हाम्रोसामु रहेको छ। जस्तै त्यस्तै समस्या अन्य भाषिक विद्यार्थीको पनि रहेको पाइन्छ। यसका लागि मातृभाषामा शिक्षा प्रदान गर्न नेपालको शिक्षा प्रणाली र नेपालको संविधानले मार्ग प्रशस्त गरेको पाइन्छ। हाम्रा निर्धारित पाठ्यक्रम, पाठ्यपुस्तकहरू बहुभाषी बनेका छैनन् तर कक्षाकोठा बहुहुभाषी बनाउन सकिन्छ। मातृभाषा ज्ञानका लागि एउटा आधार हो। यसका बारेमा भनिएको छ "बालबालिकालाई सम्बन्धित भाषाको ज्ञान भएका, निश्चित उमेर समूहलाई उक्त भाषालाई विषयका रूपमा शिक्षण गर्ने शैक्षणिक विधिको ज्ञान भएका अथवा मातृभाषालाई माध्यमका रूपमा प्रयोग गर्नुभन्दा माथि उठेर मातृभाषामा दक्षता विकास गर्ने शैक्षणिक विधिको ज्ञान भएका शिक्षकले शिक्षण गर्ने" (यादव र अन्य, २०७३, पृ. ७१)। बालबालिकाको ज्ञानको तह वृद्धि गर्नु संज्ञात्मक विकास हो। यसका लागि कक्षाकोठामा शिक्षक बहुभाषिक हुनुपर्ने धारणा रहेको पाइन्छ। त्यसैले विद्यार्थीको संज्ञानात्मक क्षमताको विकासमा बहुभाषी कक्षाकोठा उपयुक्त रहेको मानिन्छ।

बालबालिकाको संज्ञानात्मक क्षमता वृद्धि गर्नु मातृभाषाबाट बोध क्षमताको विकास गर्नु हो। बालबालिका भनेका काँचो माटो हुन्। उनीहरूलाई जस्तो भाषिक वातावरण दियो त्यस्तै बनाउन सकिन्छ। त्यसैले बहुभाषिक कक्षामा बालबालिकाको भाषिक पहिचान गरी उनीहरूको बोध क्षमताको विकास गर्न सकिन्छ। यसका लागि सहभागी चार भन्दछन् " बहुभाषिकताले विद्यार्थीको संज्ञानात्मक विकासमा सकारात्मक प्रभाव पार्दछ।" जसलाई यसरी उल्लेख गर्न सकिन्छ। सोच्न सक्ने क्षमतामा सुधार, समस्या समाधानका विकल्पमा वृद्धि, निर्णय तथा तार्किक क्षमता विकास, धैर्य भएर कुनै विषयवस्तु गहिरिएर अध्ययन गर्न सक्नु र वैकल्पिक ढङ्गले सोच्न सक्ने क्षमताको विकास गर्नु रहेको छ।" त्यसैले बहुभाषिकता सामाजिक विकाससँग सम्बन्धित रहेको छ। समाजमा सम्बन्ध र विद्यालयमा बालबालिकाको संज्ञानात्मक विकास गर्न प्रत्यक्ष सहयोग गरेको पाइन्छ। बालबालिकाले भाषिक बोध गर्न सकेपछि मात्र अन्य विषयको सिकाइ हुन्छ। बालबालिकाको बौद्धिक विकास गर्न, हरेक सामग्रीलाई आफ्नो भाषामा व्यक्त गर्न, मातृभाषाका माध्यमबाट भाषिक रूपान्तरण गरी शाब्दिक बोध गर्न र समस्याको समाधान गर्न सक्ने क्षमताको विकास बहुभाषिकताले गर्ने भएकाले सामाजिक सहसम्बन्ध स्थापित गरेको पाइन्छ। त्यसैले विद्यार्थीको संज्ञानात्मक विकासमा सहयोग पुगेको पाइन्छ।

भाषा अभ्यासगत हुने भएकाले बहुभाषाको प्रयोगमा जोड अपरिहार्य रहन्छ। बहुभाषी कक्षाकोठामा सांस्कृतिक विविधता रहेको हुन्छ। त्यसैले विद्यार्थीको संस्कार, संस्कृति र परम्पराले बहुभाषिक समाजिकता कायम गर्दछ। यसका बारेमा सहभागी चार भन्दछन् :

> *मगरभाषी बालबालिकले नजिकबाट माया गर्न थाले। कक्षामा पढाउँदा कठिन शब्दलाई मगरभाषी शब्दमा भन्न लगाउथेँ। बहुभाषाको प्रयोगले विद्यार्थीले सहजता लिएर रमाइ सिक्न थाले। विद्यार्थीको बुझ्ने क्षमताको विकास, शिक्षक बिचको आत्मीयताले शैक्षिक उपब्धि भयो। नेपाली भाषी भनेर चिन्थे तर हाम्रो शिक्षक भन्न थाले। बहुभाषिक सिकाइ, सामाजिक रहनसहन, चालचलन, धार्मिक परम्परा, सामाजिक सद्भावसँग सम्बन्धित रहेको पाए। पहिला मगर समुदायमा जाँदैन थिए, विद्यार्थीले घरमा नै बोलाउन थाले। उनका अभिभावकसँग कुरा गर्न थाले। तिनीहरूका नानीबाबुको पढाइको स्तरमा परिवर्तन आयो। समाजमा गएर नबोल्नेहरू सार्वजानिक कार्यक्रममा गएर आफ्नो कुरा राख्न थाले।*

त्यसैले माथिको भाषा सिकाइमा बहुभाषिकताले सामाजिक सद्भाव र अपनत्व प्रदान गरेको पाइन्छ। कक्षाकोठामा कमजोर मानसिकता भएर बस्ने मगरभाषी विद्यार्थीहरूलाई तिनीहरूको मातृभाषामा कुरा गर्दा सिकाइमा परिवर्तन आएको तथ्यले पुष्टि गरेको छ। यसैले बहुभाषिकताले सामाजिक सद्भावको विकास गरी विद्यार्थीमा संज्ञानात्मक क्षमताको वृद्धि गर्ने पक्षमा विज्ञहरूको धारण रहेको पाइन्छ। नेपाली समुदायमा बहुभाषिक विद्यार्थी भएको हुँदा नेपाली बाहेकका अन्य भाषी विद्यार्थीको भाषिक अवस्थाको ख्याल गरेको पाइँदैन। भाषिक कारणले फरक मातृभाषी विद्यार्थीको सिकाइ कमजोर भएको महसुस गरिएको नदेखिएकाले हाल बहुभाषिकतासम्बन्धी दोस्रो भाषाका रूपमा नेपाली भाषा सिकाइका लागि शिक्षण स्रोतसामग्री (२०७७) को निर्देशिकामा अभ्यास आधारित सिकाइ सहजीकरण, समावेशी क्रियाकलाप, भाषिक पृष्ठभूमिअनुसार कार्यकलाप, मातृभाषाका नमुना, मातृभाषाको सन्तुलित प्रयोग, मातृभाषा अनुवाद, ध्वनि सचेतीकरण, शब्दभण्डार, बोध र अभिव्यक्ति जस्ता पक्षलाई ध्यान दिएर शिक्षण सहजीकरण गर्न प्रेरित गरको पाइन्छ। यसरी गरिएको प्रयासले कक्षाकोठामा प्रत्यक्ष सम्बन्ध राख्ने भएकाले बहुभाषिक सामाजिकताका माध्यमबाट विद्यार्थीको संवेगात्मक विकास भएको देखिन्छ। बहुभाषिक सामाजिकताका आधारमा विद्यार्थीको संज्ञानात्मक विकासमा महत्त्वपूर्ण भूमिका रहेको धारणा विज्ञहरूले राखेको पाइन्छ। सामाजिक बनोट, पारस्पारिक सम्बन्ध, बहुजातीय बसाइ, बहुसांस्कृति परिवेशका कारण कक्षाकोठाको सिकाइलाई समेत प्रभावित गर्ने भएकाले बहुभाषिक व्यवस्थापन गरी बालबालिकाको संज्ञानात्मक विकासमा गर्न सान्दर्भिक ठहरिन्छ।

## निष्कर्ष

यस अध्ययनबाट विद्यालयमा विद्यार्थीको व्यक्तित्व विकास तथा संज्ञानात्मक विकासका लागि मातृभाषाले प्रभाव परेको हुन्छ । बहुभाषिकता सामाजिक र विद्यार्थीको संज्ञानात्मक विकासका बारेमा विज्ञहरूले पनि कक्षाकोठामा आवश्यकता रहेको बताउँछन् । विज्ञका विचारमा बहुभाषिकताले भाषिक सामाजिकीकरणलाई महत्व दिन्छ, बहुभाषिकताको प्रयोगले विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा जोड दिने गर्छ, बहुभाषिकताको भूमिका र प्रयोग कक्षाकोठामा गर्नु आवश्यक छ। भाषिक संज्ञानात्मक क्षमताको विकास गर्न बहुभाषिकताले ठूलो भूमिका खेलेको तथ्य प्रस्तुत गरेका छन् । विद्यार्थीको भावनात्मक सम्बन्ध, ज्ञानात्मक दायरा, प्रयोगात्मक पक्ष तथा बोध र अभिव्यक्ति क्षमता वृद्धि गर्न बहुभाषिकताले जोड दिन्छ । कक्षाकोठाको व्यवस्थापन, विद्यार्थीको सहभागिता, कार्यकलापमा अपनत्वका साथै सामाजिक कार्य गर्न, भाषिक संस्कार जान्न, जातीय परम्परालाई बोध गर्न, सामूहिक सहकार्य गर्न समेत बहुभाषिक सामाजिकताले अहम् भूमिका खेलेको पाइन्छ । त्यसैले विज्ञहरू पनि विद्यार्थीलाई कक्षाकोठामा बहुभाषिक शिक्षण सिकाइका लागि तत्परता रहन र शिक्षकलाई तालिम दिनुपर्ने ठान्छन्। भाषाका माध्यमले विद्यार्थीको संज्ञानात्मक क्षमताको विकास हुने र सिकाइमा सक्षम हुने दावी गरेको भेटिन्छ। नेपालको सन्दर्भमा बहुभाषिक समुदाय भएकाले विद्यार्थी पनि दुई वा दुईभन्दा बढी भाषाको प्रयोग गर्ने गर्दछन्। घरमा अलग भाषा, समुदायमा फरक भाषा कक्षाकोठाको शिक्षाको फरकै माध्यम भाषाले गर्दा बालबालिकामा पार्ने मनोवैज्ञानिक असरलाई समेत बहुभाषा शिक्षानीतिले व्यवस्थापन गर्ने गर्छ। त्यसैले नेपाली समुदायमा बहुभाषिक सामाजिकता र विद्यार्थीको संज्ञानात्मक क्षमताको वृद्धि गर्न पनि बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्न उपयुक्त देखिन्छ।

## सन्दर्भ सूची


अधिकारी, अञ्जली (सन् (२०२३), *द्विभाषिकता तथा बहुभाषिकतको सापेक्षता बहुभाषिक शिक्षा,* सिद्धज्योति इन्टरडिसिप्लिनरी जर्नल, भोलुम ४, पृ. १५४ ।

अधिकारी, विष्णुप्रसाद (२०७४), *शिक्षा,* पत्रिका, पाठ्यक्रम विकास केन्द्र, पृ. १०५–१०६ ।

एलेन, बियाली (२००३), *बाइल्याङ्ग्वेज डेभ्लोप्मेन्ट : ल्याङ्ग्वेज लिट्रेसी एन्ड कग्निसन,* क्याम्ब्रिज युनिभर्सिटी ।

खत्री, प्रकाशचन्द्र (सन् २०२०), कक्षामा बहुभाषिक सम्बोधनका सकारात्मक पक्षहरू, *एएमसी जर्नल,* भोलुम १, ( १), पृ. ११९ ।

तामाङ, अमृत योन्जन (मि.न.) *नेपालमा बहुभाषी शिक्षा : स्थिति, चुनौती र सम्भावनाहरू*

नेपाल सरकार (२०६६), *बहुभाषी शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका,* शिक्षा मन्त्रालय ।

नेपाल, सरकार (२०७७), *दोस्रो भाषाका रूपमा नेपाली भाषा सिकाइका लागि शिक्षण स्रोतसामग्री,* शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकासकेन्द्र ।

बोहरा, गणेशबहादुर (२०७८), बहुभाषिक, कक्षामा भाषिक परीक्षण तथा मूल्याङ्कन, *एएमसी मल्टिडिसिप्लिनरी रिसर्च जर्नल,* भोलुम ३, (१), पृ. ४६–५२ ।

भट्टराई, रमेश (२०८१), आधारभूत तहका सन्दर्भमा भाषिक सिप र पठनतत्वगत प्रक्रिया, *विकासका निम्ति शिक्षा,* वर्ष २७ अङ्क १, पृ. १९ ।

भण्डारी, अर्जुनबहादुर (२०५९ ), दूर *शिक्षा,* (सम्पा.), श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, दूर शिक्षा केन्द्र।

भण्डारी, पारसमणि र अन्य (२०६८), *नेपाली भाषा शिक्षण,* पिनाकल पब्लिकेसन प्रा.लि.।

भण्डारी, पारसमणि र पौडेल, (२०७२), *सामाजिक भाषाविज्ञान र मनोभाषाविज्ञान,* विद्यार्थी पुस्तक भण्डार।

भुसाल, केशव (२०७८), *प्रयोगिक भाषाविज्ञान,* क्वेस्ट पब्लिकेसन प्रा.लि.।

यादव र अन्य (२०७३), *शिक्षणको माध्यम र शिक्षाका भाषाहरू नेपालमा शिक्षाका नीति, योजना र अभ्यासका लागि अबको बाटो,* म्याक्स प्रिन्टिङ प्रेस।

युनेस्को (२००७), *बहुभाषी शिक्षा विस्तारका लागि सहयोगी सामग्री : विद्यालय बाहिर रहेकाहरूको समावेशीकरण,* युनेस्को अफिस इन काठमाडौं, पृ. ४–१५ ।

रेग्मी, वासुदेव (२०७९), *नेपालको संविधान २०७२,* जयकाली प्रकाशन गृह प्रा.लि.।

शर्मा, केदारप्रसाद (२०५९), दूर *शिक्षा,* (सम्पा.), श्री ५ कोसरकार शिक्षा तथा खेलकुद मन्त्रालय, दूर शिक्षा केन्द्र।

शाही, खड्गबहादुर (सन् २०२४), *भाषिक पृष्ठिभूमिका दृष्टिकोणले बहुभाषिक कक्षा व्यावस्थापन, इनोभेटिभ रिसर्च जर्नल,* भोलुम ३, पृ. ८७।